कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

पत्र सङ्ख्याः २०८०/०८१ | मितिः २०८०/११/३०

सूचना नम्बरः १६

**बिषयः '"मूल्यवान" कर्णाली किसानको सम्पदा' नामक लोगो प्रयोग सम्बन्धी सूचना !**

यस जिल्लाको विशिष्ट भू-बनोट र हावापानीमा उत्पादन भएका कृषि उपजहरुको गुणस्तरलाई अलग पहिचान सहित मूल्य अभिवृद्धी गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा परिचित गराउने तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यका साथ कर्णाली प्रदेश सरकारद्वारा प्रदान गरिने **'"मूल्यवान" कर्णाली किसानको सम्पदा'** नामक लोगो प्रयोग गरी विशिष्टीकृत पहिचानका साथ यस जिल्लामा उत्पादित प्राङ्गारिक तथा रैथाने उपज (खाद्यान्न बाली, रैथानी बाली, मह, तरकारी, फलफुल आदि) उत्पादन तथा खरिद बिक्रि गर्न ईच्छुक कृषि फर्म, कम्पनी, उद्योग, कृषक समूह, सहकारीबाट दरखास्त आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागी कार्यालयको website: www.adojajarkot.gov.np मा हेर्न तथा कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

चित्रः **'"मूल्यवान" कर्णाली किसानको सम्पदा'** नामक लोगो

**मापदण्ड**

१. प्राङ्गारिक तथा रैथाने कृषि उपज उत्पादन तथा खरिद बिक्रि गरेको हुनुपर्ने।
२. उच्च गुणस्तरको उपज खरिद बिक्रि गरेको हुनुपर्ने।
३. खरिद तथा बिक्रिवितरण गरेको उपज गुणस्तरिय, स्वस्थ र स्थानीय उत्पादन भएको हुनुपर्ने।
४. सहकारी/समूहका सदस्यहरु प्रांगारिक कृषि उपज उत्पादनमा संलग्न भएको हुनुपर्ने।

**आवश्यक कागजातहरु**

१ उद्योग, समूह, कम्पनी वा सहकारी दर्ताको प्रमाणित प्रतिलिपि
२ अनुसूचि -२ अनुसारको निवेदन तथा प्रस्ताब फारम
३ निवेदक, उत्पादक वा प्रशोधनकर्ता वा विक्रिकर्ताले दफा ९ उपदफा (१) बमोजिमको आचार संहित पालना गरेको प्रतिबद्धता पत्र
४ निवेदक, प्याकेजकर्ता भएमा खरिद गरिएको सामग्रीको प्रशोधनकर्ताको लोगो प्रयोग इजाजतको प्रतिलिपी
५ प्राङ्गारिक प्रमाणीकरणको गुणस्तर नियन्त्रण सम्बन्धी प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि
६ नागरीकताको प्रतिलिपि

.............................